## सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना

## सूचना प्रकाशन मिति २०८३/१/२९

अध्यागमन सम्बन्धी कानूनलाई संशोधन तथा एकिकरण गर्न बनेको विधेयकको मस्यौदा तयार गरिएको छ। प्रस्तुत विधेयकको मस्यौदा उपर विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभावका सम्बन्धमा सम्बन्धित सरोकारवाला सबै र सर्वसाधारणको रायको लागि प्रकशन गरिएको हुँदा सो उपर तपशील बमोजिमको ढाँचामा legalsectionmoha@gmail.com मा सात दिनभित्र आफ्नो राय तथा सुझाव प्रतिक्रिया उपलब्ध गराईदिनुहुन सबै समक्ष सादर अनुरोध छ।

### तपशील

### सुझाव/परामर्शको ढाँचा:

| क.सं. | मस्यौदा विधेयकको दफा/उपदफा | मस्यौदा विधेयकको व्यवस्था | सुझाव/परामर्श | पुष्ट्याई |
|---|---|---|---|---|
| क | | | | |

# <u>अध्यागमन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** विदेशीको नेपालमा प्रवेश, उपस्थिति र नेपालबाट हुने प्रस्थानलाई नियमित तथा व्यवस्थित गर्न र नेपाली नागरिकको विदेश प्रस्थान र नेपाल आगमनलाई व्यवस्थित गर्न प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "अध्यागमन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यागमन" भन्नाले विदेशीको नेपालमा प्रवेश, उपस्थिति र नेपालबाट प्रस्थान गर्ने प्रक्रिया सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकको विदेश प्रस्थान र नेपाल आगमन प्रक्रियालाई समेत जनाउँछ।

(ख) "अध्यागमन अधिकृत" भन्नाले विभाग र कार्यालयमा कार्यरत अधिकृत कर्मचारी सम्झनु पर्छ र सो शब्दले अध्यागमन सम्बन्धी काम गर्न नियोगमा कार्यरत तोकिए बमोजिमको अधिकृत कर्मचारीलाई समेत जनाउँछ।

(ग) "अनुसन्धान अधिकृत" भन्नाले दफा २६ को उपदफा (१) बमोजिमको अनुसन्धान अधिकृत सम्झनु पर्छ।

(घ) "अध्यागमन जाँच विन्दु" भन्नाले विदेशीलाई नेपालभित्र प्रवेश तथा नेपाल बाहिर प्रस्थानको लागि नेपाल सरकारले तोकेको जाँच विन्दु सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले विभाग मातहतको अध्यागमन कार्यालय सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "नियन्त्रित क्षेत्र" भन्नाले दफा ११ को उपदफा (१) बमोजिमको क्षेत्र सम्झनु पर्छ।

(ज) "नियोग" भन्नाले विदेशस्थित नेपाली राजदूतावास, स्थायी नियोग, महावाणिज्य दूतावास, वाणिज्य दूतावास वा विशेष नियोग सम्झनु पर्छ र सो शब्दले कूटनीतिक कार्य गर्न नेपाल सरकारले स्थापना गरेको विदेशस्थित कुनै कार्यालयलाई समेत जनाउँछ।

(झ) "भिसा" भन्नाले कुनै विदेशीलाई नेपालमा प्रवेश तथा उपस्थितिको लागि दिइने दफा ४ बमोजिमको भिसा सम्झनु पर्छ र सो शब्दले विदेश भ्रमण गर्ने नेपाली नागरिकको हकमा सम्बन्धित मुलुकको सरकारबाट सो

मुलुकमा प्रवेश तथा उपस्थितिका लागि जारी गरिएको अनुमतिपत्रलाई समेत जनाउँछ ।

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ।

(ट) "महानिर्देशक" भन्नाले अध्यागमन विभागको प्रमुख सम्झनु पर्छ।

(ठ) "राहदानी" भन्नाले नेपाल सरकार वा विदेशको सरकारले विदेश भ्रमणको लागि जारी गरेको राहदानी, यात्रा अनुमतिपत्र (ट्राभल डकुमेण्ट) वा यस्तै भ्रमण गर्ने स्वीकृति प्रदान गरिएको अनुमति पत्र सम्झनु पर्छ र सो शब्दले संयुक्त राष्ट्र सङ्घ वा अन्य अन्तर्राष्ट्रिय वा क्षेत्रीय सङ्गठनबाट जारी भएको यात्रा अनुमतिपत्रलाई समेत जनाउँछ।

(ड) "विदेशी" भन्नाले नेपालको नागरिक नभएको जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(ढ) "विभाग" भन्नाले अध्यागमन विभाग सम्झनु पर्छ।

३. **<u>नेपालमा विदेशीको प्रवेश, उपस्थिति र प्रस्थानः</u>** (१) कुनै विदेशीलाई नेपालमा प्रवेश वा उपस्थिति हुन दिने वा नदिने वा नेपालबाट प्रस्थान गर्न दिने वा नदिने सम्बन्धी सम्पूर्ण अधिकार नेपाल सरकारमा निहित रहनेछ।

(२) कुनै विदेशी नेपालभित्र प्रवेश गर्न वा नेपालमा बस्न सम्बन्धित मुलुकको राहदानी र नेपालको भिसा लिएको हुनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै मुलुकका नागरिकलाई नेपाल सरकार र त्यस्तो मुलुकबिच भएको सम्झौताका आधारमा नेपालभित्र प्रवेश गर्न वा बस्न दिन सक्नेछ र त्यसरी नेपालभित्र प्रवेश गर्दा वा बस्दा तोकिए बमोजिमका कागजात पेश गर्नु पर्नेछ।

(४) कुनै विदेशीलाई अध्यागमन अधिकृतले देहायको अवस्थामा नेपालको भिसा दिन वा नेपालभित्र प्रवेश गर्न नेपालको अध्यागमन जाँच बिन्दुमा नै इन्कार गर्न सक्नेछः-

(क) राहदानी, भिसा वा यात्रा सम्बन्धी कागजात शङ्कास्पद देखिएको वा वैध नरहेको,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीत काम गरे बापत अवधि तोकी निष्काशन गरिएकोमा त्यस्तो अवधि व्यतित नगरेको,

(ग) भिसाको अवधि व्यतित गरेको।

(५) कुनै विदेशीलाई देहायको अवस्थामा अध्यागमन अधिकृतले नेपालबाट प्रस्थान गर्न रोक लगाउन सक्नेछः-

(क) प्रस्थान गर्ने अघिल्लो दिनसम्मको नेपालको वैध भिसा नभएमा, वा

(ख) निज उपर फौजदारी कसुरमा अनुसन्धान चलिरहेको व्यहोरा अधिकारप्राप्त अधिकारीबाट लेखी आएमा ।

(६) नेपालमा विदेशीको प्रवेश, उपस्थिति र प्रस्थान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **<u>अध्यागमन अधिकृतले भिसा जारी गर्न सक्ने</u>** :(१) अध्यागमन अधिकृतले विदेशीलाई नेपालमा प्रवेशको लागि देहाय बमोजिमका भिसामध्ये कुनै भिसा जारी गर्न सक्नेछः-

(क) कूटनीतिक भिसा,

(ख) औपचारिक (अफिसियल) भिसा,

(ग) पर्यटक भिसा,

(घ) अन्तरिम (ट्रान्जिट) भिसा,

(ङ) अध्ययन, अध्यापन, अनुसन्धान तथा वैज्ञानिक भिसा,

(च) कार्य भिसा,

(छ) व्यावसायिक भिसा,

(ज) पारिवारिक भिसा,

(झ) प्रेस भिसा,

(ञ) अस्थायी भिसा,

(ट) आवासीय भिसा,

(ठ) गैर आवासीय नेपाली भिसा,

(ड) पर्वतारोहण भिसा,

(ढ) चलचित्र भिसा,

(ण) खेलकुद भिसा,

(त) मेडिकल भिसा,

(थ) तोकिए बमोजिमका अन्य भिसा ।

(२) नेपालमा बसोबास गर्न आउने देहायका व्यक्ति र निजको परिवारलाई दश वर्षसम्मको निःशुल्क गैर आवासीय नेपाली भिसा उपलब्ध हुनेछ :-

(क) गैर आवासीय नेपाली नागरिकता प्राप्त वा

(ख) गैरआवासीय परिचयपत्र प्राप्त नेपाली मूलको विदेशी नागरिक।

**<u>स्पष्टीकरण</u>** : यस उपदफाको प्रयोजनको लागि "परिवार" भन्नाले पति,पत्नी, बुबा, आमा, छोरा छोरी, बाजे बज्यै र सासू वा ससुरा सम्झनु पर्छ।

(३) उपदफा (२) को खण्ड (क) बमोजिमको व्यक्तिलाई एक पटकमा दुई वर्ष र खण्ड (ख) बमोजिमको व्यक्तिलाई एक पटकमा एक वर्ष अवधिको बहुप्रवेश सुविधा सहितको आवासीय भिसा निःशुल्क उपलब्ध हुनेछ।

(४) अध्यागमन अधिकृतले जारी गर्ने भिसा र भिसाको अवधि तथा भिसा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **अध्यागमन जाँच बिन्दुमा भिसा जारी गर्न सक्ने** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मुलुकका नागरिकलाई अध्यागमन जाँच बिन्दुमा अध्यागमन अधिकृतले दफा ४ को उपदफा (१) बमोजिमका भिसामध्ये कुनै भिसा जारी गर्न सक्नेछ।

(२) अध्यागमन अधिकृतले भिसा जारी गर्दा कूटनीतिक भिसा र औपचारिक(अफिसियल) भिसा नेपाल सरकारको परराष्ट्र मन्त्रालयको सिफारिसमा जारी गर्न सक्नेछ।

(३) अध्यागमन जाँच बिन्दुमा भिसा जारी नहुने मुलुकका कुनै नागरिकलाई भिसा जारी गर्नु पर्ने भएमा भिसा जारी गर्नु पर्ने प्रयोजन खुलाई त्यस्तो भिसाको विषयसँग सम्बन्धित नेपाल सरकारको परराष्ट्र मन्त्रालय वा अन्य कुनै मन्त्रालयबाट सिफारिस भई आएमा महानिर्देशकले तोकेको अध्यागमन जाँच बिन्दुको अध्यागमन अधिकृतले त्यस्तो भिसा जारी गर्न सक्नेछ।

६. **भिसा दस्तुरः** (१) कुनै विदेशीलाई नेपालको भिसा जारी गर्दा वा भिसाको अवधि थप गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ।

तर नेपाल सरकार, मन्त्रिपरिषद्ले भिसा दस्तुरमा कुनै मुलुकको नागरिकको हकमा पारस्परिकताका आधारमा समानता कायम गर्न, छुट दिन वा मिनाहा दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशीको देहायको अवस्थामा भिसा अवधि व्यतित भएकोमा त्यस्तो व्यतित अवधिभर भिसा दस्तुर छुट हुनेछ :-

(क) थुनुवा वा कैदीको रुपमा कारागारमा रहेमा,

(ख) नेपाल सरकार, मन्त्रिपरिषद्ले भिसा दस्तुर छुट दिने भनी निर्णय गरेमा, वा

(ग) काबू बाहिरको परिस्थिति कायम रहेको अवधिमा।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम कुनै विदेशीले काबू बाहिरको परिस्थति उत्पन्न भएको व्यहोरा पुष्टि गर्न आवश्यक प्रमाण पेश गरेमा विभागले निजलाई काबू बाहिरको परिस्थति कायम रहेको अवधिको भिसा दस्तुर छुट गर्नेछ।

**स्पष्टीकरण**ः यस दफाको प्रयोजनको लागि "काबू बाहिरको परिस्थति कायम रहेको अवधि" भन्नाले देहायको अवधिलाई जनाउँछः-

(क) खोलो पहिरो वा हिंउले बाटो बन्द भई वा कर्फ्यू घोषणा भएको वा महामारी भई वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन नचलेको भए बाटो खुलेको वा सार्वजनिक यातायातको साधन चलेको मितिले पन्ध्र दिन,

(ख) भूकम्प वा ज्वालामुखी जस्ता विपद् परेको भए त्यस्तो भएको मितिले पन्ध्र दिन,

(ग) कसैले अपहरण गरी लगेको वा शरीर बन्धक बनाएको भए त्यस्तो अपहरण वा बन्धकबाट मुक्त भएको मितिले पन्ध्र दिन,

(घ) कुनै दुर्घटनाका कारण अचेत वा हिँडडुल गर्न नसक्ने भई अस्पतालमा उपचार गराएकोमा अस्पतालबाट डिस्चार्ज नभएसम्मको अवधि।

(४) भिसा दस्तुर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **महानिर्देशकले भिसा रद्द गर्न सक्नेः** कुनै विदेशीलाई दफा १७ बमोजिम निष्काशन गर्नु परेमा त्यस्तो विदेशीलाई यस ऐन बमोजिम जारी गरिएको भिसा महानिर्देशकले रद्द गर्न सक्नेछ।

८. **संस्था मार्फत भिसाको आवेदन सङ्कलन गराउन सकिनेः** (१) विभागले नेपालको भिसा प्राप्तिको लागि दिने आवेदन तथा आवश्यक कागजात सङ्कलन तथा सहजीकरण कुनै संस्था मार्फत गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्था र उक्त संस्थाले पालना गर्नु पर्ने शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "संस्था" भन्नाले भिसा प्राप्तिको लागि दिने आवेदन तथा आवश्यक कागजात सङ्कलन तथा सहजीकरण गर्ने प्रयोजनका लागि विभागबाट अनुमति पाएको संस्था, फर्म वा कम्पनी सम्झनु पर्छ।

९. **जाँचबुझ गर्न सक्नेः** (१) कुनै विदेशीको प्रवेश, उपस्थिति र प्रस्थानसँग सम्बन्धित राहदानी लगायतका कागजात वा विद्युतीय सामग्री महानिर्देशक वा निजले तोकेको कर्मचारीले जुनसुकै स्थान र समयमा जाँचबुझ गर्दा शङ्कास्पद देखिएमा त्यस्तो व्यक्ति, शङ्कास्पद कागजपत्र वा विद्युतीय सामग्री आफ्नो कब्जामा लिन सक्नेछ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "विद्युतीय सामग्री" भन्नाले अध्यागमनसँग सम्बन्धित कार्यको लागि प्रयोग हुने विद्युतीय उपकरण र सोसँग सम्बन्धित तथ्याङ्क (डेटा) सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि आवश्यकता अनुसार नेपाल प्रहरी वा अन्य सम्बन्धित निकायको सहयोग माग गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम सहयोग माग भएमा आवश्यक सहयोग गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

१०. **विदेशीको बसोबासको विवरण दर्ता गर्नु पर्नेः** (१) नेपालमा प्रवेश गर्ने विदेशीले नेपालमा निजको बसोबास गर्ने स्थान, सम्पर्क नम्बर वा सम्पर्क व्यक्ति सम्बन्धी विवरण अध्यागमन जाँच बिन्दुमा दर्ता गर्नु पर्नेछ।

(२) देहायका व्यक्ति वा निकायले देहायको अवस्थामा नजिकको अध्यागमन कार्यालय, प्रहरी कार्यालय, मन्त्रालय अन्तर्गतको कुनै कार्यालय वा स्थानीय तहको वडा कार्यालयमा वा विभागले सञ्चालनमा ल्याएको अध्यागमन सम्बन्धी सूचना प्रणालीमा नेपालमा बसोबास गर्ने विदेशीको तोकिएको विवरण उपलब्ध गराउनु पर्नेछ :-

(क) नेपाल भित्रको कुनै आवासमा विदेशी बसोबास गरेमा आवास सञ्चालक वा धनीले,

(ख) नेपाल भित्रको कुनै विश्वविद्यालय र शैक्षिक संस्था वा अन्य कुनै संस्थामा विदेशी प्रवेश पाई त्यस्तो विदेशीको लागि आवास तथा सुत्ने सुविधा प्रदान गरिएकोमा त्यस्तो निकाय वा संस्थाले,

(ग) नेपाल भित्रको कुनै अस्पताल, नर्सिङ होम वा अन्य कुनै चिकित्सा सेवा प्रदान गर्ने संस्थाले आफ्नो परिसर भित्र चिकित्सा उपचार लिइरहेका कुनै पनि विदेशी वा उनीहरूको विदेशी सहयोगीका लागि आवास वा सुत्ने सुविधा प्रदान गरिएकोमा त्यस्तो अस्पताल, नर्सिङ होम वा चिकित्सा सेवा प्रदान गर्ने संस्थाले ।

**<u>स्पष्टीकरण</u>**ः खण्ड (क) को प्रयोजनको लागि "आवास" भन्नाले बसोबास वा सुत्नको लागि बनेका होटल, होमस्टे, मोटेल, गेष्ट हाउस, धर्मशाला, ध्यानकेन्द्र, योगकेन्द्र, होस्टेल, अपार्टमेन्ट वा घर सम्झनु पर्छ ।

(३) उपदफा (१) वा (२) बमोजिम विवरण दर्ता गर्ने वा विवरण उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **<u>नियन्त्रित क्षेत्रमा भ्रमणको लागि अनुमति लिनु पर्नेः</u>** (१) नेपालको भौगोलिक, सामाजिक, साँस्कृतिक वा जैविक विविधताको संरक्षण गर्न तथा आन्तरिक सुरक्षालाई मजबुत बनाउन नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल भित्रको कुनै निश्चित भू-भाग वा स्थानलाई नियन्त्रित क्षेत्रको रुपमा तोक्न सक्नेछ र त्यसरी नियन्त्रित क्षेत्र तोकेको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको नियन्त्रित क्षेत्रमा कुनै विदेशीले भ्रमण गर्नु अगाडि विभागबाट भ्रमण अनुमति लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भ्रमण अनुमति लिँदा एजेन्सी मार्फत लिनु पर्नेछ।

तर देहायका विदेशीले एजेन्सी मार्फत भ्रमण अनुमति लिन अनिवार्य हुने छैनः-

(क) कूटनीतिक भिसा प्राप्त गरेका,

(ख) गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका,

(ग) गैरआवासीय नेपालीको परिचयपत्र प्राप्त गरेका,

(घ) नेपाल सरकारसँग भएको सम्झौताका शर्तमा दस्तुर नलाग्ने उल्लेख भएकोमा त्यस्तो सम्झौता बमोजिम नियन्त्रित क्षेत्रभित्रको कामसँग सम्बन्धित भएका,

(ङ) नियन्त्रित क्षेत्रभित्र अध्ययन, अनुसन्धान वा कुनै आयोजनाको सर्वेक्षण गर्न मन्त्रालयको स्वीकृति लिएका,

(च) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएका।

**<u>स्पष्टीकरण</u>**ः यस दफाको प्रयोजनको लागि,

(१) "भ्रमण अनुमति" भन्नाले नियन्त्रित क्षेत्रमा पैदल वा अन्य कुनै साधनबाट गरिने स्थलगत अवलोकन, घुमफिर, भ्रमण वा यात्रा अनुमतिलाई सम्झनु पर्छ।

(२) "एजेन्सी" भन्नाले नेपालमा विदेशीलाई भ्रमण वा पदयात्रा सेवा उपलब्ध गराउने प्रचलित कानून बमोजिम अनुमति पाएको व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ।

(४) उपदफा (३) बमोजिमको विदेशीलाई तोकिए बमोजिमको आधारमा महानिर्देशकले अनुमति दस्तुर नलाग्ने गरी छुट दिन सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको नियन्त्रित क्षेत्रमा भ्रमण गर्दा भ्रमण अनुमतिमा उल्लेख भए बमोजिमको शर्तको पालना र पदमार्गको प्रयोग गर्नु पर्नेछ।

(६) कुनै विदेशीले नियन्त्रित क्षेत्रमा लिएको भ्रमण अनुमति महानिर्देशकले देहायको अवस्थामा रद्द गर्न सक्नेछः-

(क) भ्रमण अनुमतिमा तोकेको रुट वा क्षेत्र बाहेक अन्य रुट वा क्षेत्र प्रयोग गरेमा, वा

(ख) भ्रमण अनुमतिमा उल्लिखित शर्त विपरितका क्रियाकलाप गरेमा।

(७) उपदफा (१) बमोजिमको नियन्त्रित क्षेत्रमा विदेशीले भ्रमण गर्दा लाग्ने अनुमति दस्तुर र अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **विदेशीले पालना गर्नु पर्ने दायित्वः** नेपालको भिसा प्राप्त गरी नेपाल प्रवेश गरेका विदेशीले देहाय बमोजिमको दायित्व पालना गर्नु पर्नेछः-

(क) नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता, स्वाभिमानमा र नेपालको राष्ट्रिय सुरक्षा तथा मित्र राष्ट्रसँगको सम्बन्धमा आँच आउने कार्य गर्न वा गराउन नहुने,

(ख) धार्मिक, साँस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने कार्य गर्न वा गराउन नहुने,

(ग) कुनै पनि राजनीतिक गतिविधि गर्न वा गराउन नहुने,

(घ) जुन प्रयोजनका निमित्त भिसा प्राप्त गरेको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न वा गराउन नहुने।

१३. **यात्रुवाहक वायुसेवा कम्पनीको दायित्वः** (१) कुनै यात्रुवाहक वायुसेवा कम्पनीले नेपाल प्रवेश गर्न रोक लगाईएका वा अध्यागमन जाँच बिन्दुमा भिसा जारी नहुने विदेशीलाई नेपाल प्रवेश गराउनु हुँदैन।

तर आपतकालीन अवस्था परी नेपालको विमानस्थलमा विमान अवतरण हुने वायुसेवा कम्पनीको हकमा यो व्यवस्था लागू हुने छैन।

(२) उपदफा (१) बमोजिमको अवस्थामा वा अध्यागमन जाँच बिन्दुको अध्यागमन अधिकृतले अन्य कुनै कारण जनाई नेपाल प्रवेश गर्न अनुमति नदिएका विदेशीलाई निजको आफ्नो मुलुक वा जुन मुलुकबाट नेपाल प्रवेश गर्न लागेको हो सोही मुलुक फिर्ता लैजाने जिम्मेवारी सम्बन्धित वायुसेवा कम्पनीको हुनेछ।

(३) यात्रुवाहक वायुसेवा कम्पनी वा प्रचलित कानून बमोजिम स्थापना भएको नागरिक उड्डयनसँग सम्बन्धित नियमनकारी निकायसँग अध्यागमन सम्बन्धी सेवाको प्रयोजनको लागि विभाग वा कार्यालयले आवश्यक परेको विवरण माग गरेमा त्यस्तो कम्पनी वा निकायले विभाग वा कार्यालयलाई सो विवरण उपलब्ध गराउनु पर्नेछ ।

१४. **<u>विदेशीलाई जारी गरिने यात्रा अनुमतिपत्रः</u> (१)** नेपालमा रहेको कुनै विदेशीको राहदानी हराई, नोक्सान भई, म्याद समाप्त भई वा अन्य कुनै कारणले प्रयोग हुन नसक्ने भएमा त्यस्तो विदेशीको नेपालमा आवासीय वा गैर आवासीय दूतावास नभएमा वा नेपालबाट निज आफ्नो देश फर्कन आवश्यक यात्रा अनुमतिपत्र सम्बन्धित देशको आवासीय वा गैरआवासीय दूतावासबाट प्राप्त गर्न नसक्ने अवस्था भएमा निजलाई नेपालबाट प्रस्थान गराउने प्रयोजनको लागि विभागले राहदानी विभागलाई यात्रा अनुमतिपत्र जारी गर्न सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विभागबाट सिफारिस भई आएमा राहदानी विभागले त्यस्तो विदेशीलाई यात्रा अनुमति पत्र जारी गर्नेछ ।

१५. **<u>विदेशीलाई निजसँग सम्बन्धित सूचना प्रदान</u>**ः (१) नेपालको भिसा प्राप्त गरी नेपाल प्रवेश गरेका विदेशीले निजसँग सम्बन्धित अध्यागमन सम्बन्धी सेवाको बारेमा विभाग वा कार्यालयमा सूचना माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना माग गरेमा सो सूचना विभाग वा कार्यालयले प्रदान गर्नु पर्नेछ।

१६. **<u>विदेशीको अनुगमन तथा सुपरीवेक्षणः</u>** (१) नेपालभित्र प्रवेश गरेका विदेशीको उपस्थिति, चालचलन वा गतिविधिको अनुगमन तथा सुपरीवेक्षण विभागले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा सुपरीवेक्षणमा विभागलाई सहयोग, समन्वय र सहजीकरण गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको अनुगमन तथा सुपरीवेक्षण समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक
(ख) प्रमुख, जिल्ला प्रहरी कार्यालय -सदस्य
(ग) प्रमुख, जिल्ला स्थित सशस्त्र प्रहरी बलको कार्यालय -सदस्य
(घ) प्रमुख, राष्ट्रिय अनुसन्धान कार्यालय -सदस्य
(ङ) प्रमुख, जिल्लास्थित पर्यटन विषय हेर्ने कार्यालय -सदस्य
(च) प्रमुख, जिल्ला स्थित श्रम विषय हेर्ने कार्यालय -सदस्य
(छ) प्रमुख, कार्यालय -सदस्य-सचिव

(३) कुनै जिल्लामा कार्यालय नभएको अवस्थामा समितिको सदस्य-सचिवको जिम्मेवारी सो समितिको संयोजकले तोकको जिल्ला प्रशासन कार्यालयको अधिकृतले गर्नेछ।

(४) उपदफा (२) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिमको समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१७. **<u>विदेशीलाई निष्काशन तथा निषेध गर्न सक्नेः</u>** (१) कुनै विदेशीले यो ऐन वा प्रचलित कानून विपरितको कार्य गरी सो बापतको सजाय भोगिसकेको अवस्थामा वा दफा १२ बमोजिम विदेशीले पालना गर्नुपर्ने दायित्व पालना नगरेमा त्यस्तो विदेशीलाई महानिर्देशकले अवधि तोकी वा नतोकी नेपालबाट निष्काशन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सजाय कुनै विदेशीले तीन पटकसम्म पाएको भएमा महानिर्देशकले कम्तीमा पाँच वर्षसम्म नेपालमा प्रवेश गर्न नपाउने गरी निष्काशन गर्नु पर्नेछ।

(३) कुनै कूटनीतिक राहदानी वाहक कूटनीतिक उन्मुक्ति वा सुविधा प्राप्त विदेशीलाई नेपालबाट निष्काशन गर्नु परेमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति लिई मन्त्रालयको सचिवले अवधि तोकी वा नतोकी निष्काशन गर्न सक्नेछ।

(५) नेपाल सरकारलाई नेपालभित्र कुनै विदेशीको प्रवेश, उपस्थिति वा प्रस्थानबाट राष्ट्रिय हित तथा शान्ति सुरक्षामा प्रतिकूल असर पर्न सक्छ भन्ने लागेमा त्यस्तो विदेशीको प्रवेश, उपस्थिति वा प्रस्थानलाई नेपाल सरकारले निषेध गर्न सक्नेछ।

(६) कुनै विदेशीले नेपाल सरकारलाई भुक्तान गर्नु पर्ने भिसा दस्तुर तिर्न नसकी अवैध रुपमा नेपालमा बसेको अवस्थामा त्यस्तो दस्तुर निजले भुक्तानी गर्न नसक्ने मनासिब कारण देखिएमा त्यस्ता विदेशीको भिसा दस्तुर महानिर्देशकले नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिमा मिनाहा गरी निष्काशन गर्न सक्नेछ।

१८. **<u>नेपाली नागरिकको विदेश प्रस्थानः</u>** (१) कुनै नेपाली नागरिक विदेश प्रस्थान गर्दा नेपालको राहदानी र गन्तव्य मुलुकको भिसा लिई प्रस्थान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्थान गर्ने मुलुकमा जाने नेपाली नागरिकलाई भिसा वा राहदानी आवश्यक नपर्ने भएमा वा त्यस्तो मुलुकको अध्यागमन प्रवेश बिन्दुमा नै नेपाली नागरिकलाई भिसा जारी गरिने भएमा अध्यागमन अधिकृतले विना भिसा नेपाली नागरिकलाई त्यस्तो मुलुकमा जान दिन सक्नेछ ।

(३) कुनै नेपाली नागरिकलाई देहायका अवस्था मध्ये खण्ड (च) को अवस्थामा मन्त्रालयले र अन्य अवस्थामा अध्यागमन अधिकृतले कारण खुलाई अवधि तोकी वा नतोकी विदेश प्रस्थान गर्न रोक लगाउन सक्नेछः-

(क) अदालतले विदेश प्रस्थान गर्न रोक लगाउने गरी आदेश गरेमा,

(ख) प्रचलित कानून बमोजिम अनुसन्धान गर्ने निकायबाट प्रस्थान गर्न रोक लगाउन भनी कारण सहितको जानकारी प्राप्त भएमा,

(ग) कुनै फौजदारी कसूरमा अदालतबाट पक्राउपूर्जी जारी भई अदालतमा उपस्थित नभएमा वा प्रचलित कानून बमोजिम कुनै कारागार वा हिरासतमा रही त्यस्तो कारागार वा हिरासतबाट भागेमा वा फौजदारी कसूरमा भएको सजाय भुक्तान नगरी विदेश प्रस्थान गर्न लागेको भन्ने जानकारी प्राप्त भएमा वा सो को विश्वास गर्ने मनासिब आधार भएमा,

(घ) राहदानी र प्रस्थान गर्ने मुलुकमा प्रवेश गर्नको लागि भिसा आवश्यक पर्नेमा त्यस्तो भिसा नभएमा,

(ङ) नेपाली राहदानी वाहकको राहदानी रोक्का भएको वा रद्द गरिएको भनी सम्बन्धित निकायबाट लेखी आएमा,

(च) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध वा मुलुकको आन्तरिक व्यवस्थामा नकारात्मक प्रभाव पार्ने देखिएमा।

(४) उपदफा (३) बमोजिम नेपाली नागरिकलाई विदेश प्रस्थान गर्न रोक लगाइएकोमा सो को कारण सहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

१९. **महानिर्देशकको काम, कर्तव्य र अधिकार**ः यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपालभित्र विदेशीको प्रवेश, उपस्थिति तथा प्रस्थानलाई नियमित र व्यवस्थित गर्ने गराउने,

(ख) दफा ४ को उपदफा (१) बमोजिमका भिसा जारी गर्ने तथा भिसाको म्याद थप गर्ने,

(ग) अध्यागमन सम्बन्धी अभिलेख अद्यावधिक गर्ने गराउने,

(घ) नेपाली नागरिकको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने गराउने,

(ङ) अध्यागमन सम्बन्धी कार्यको समय समयमा अनुगमन तथा सुपरीवेक्षण गर्ने वा गराउने,

(च) विभाग, कार्यालय तथा अध्यागमनसम्बन्धी कार्य गर्ने अन्य निकायको सुपरीवेक्षण तथा भिसा जारी गर्ने अन्य निकायसँग समन्वय गर्ने,

(छ) नेपाल सरकारले दिएको निर्देशनको पालना गर्ने गराउने,

(ज) नेपालमा काम गर्न आउने विदेशीलाई तोकिए बमोजिम कार्य सहमति प्रदान गर्ने।

२०. **<u>अध्यागमन अधिकृतको काम, कर्तव्य र अधिकारः</u>** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यागमन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ४ को उपदफा (१) बमोजिमका भिसामध्ये महानिर्देशकबाट तोके बमोजिमका भिसा जारी गर्ने,

(ख) राहदानी वा भिसा शङ्कास्पद देखिएमा नेपालभित्र प्रवेश दिन इन्कार गर्ने,

(ग) राहदानी वैध नभएका र प्रस्थान गर्ने मुलुकको भिसा नभएका व्यक्तिलाई प्रस्थान अनुमति नदिने,

(घ) आफुबाट सम्पादित काम कारबाहीको सुरक्षित अभिलेख राख्ने,

(ङ) विभागले तोके बमोजिमको अन्य कार्य गर्ने।

२१. **<u>विद्युतीय स्वरुपमा अध्यागमन सेवा</u>**ः (१) विभागले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम विभाग र अध्यागमन अधिकृतबाट सम्पादन हुने अध्यागमन सम्बन्धी सेवा प्रवाहलाई विद्युतीय स्वरुपमा उपलब्ध गराउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा विद्युतीय स्वरुपमा उपलब्ध गराउन विभागले आधुनिक सूचना प्रविधिलाई प्रयोगमा ल्याउन सक्नेछ।

२२. **<u>अध्यागमन कार्यालय नभएको स्थानबाट अन्य अध्यागमन सेवा</u>** : मन्त्रालयले अध्यागमन कार्यालय नभएको स्थानबाट भिसा जारी गर्ने र भिसाको म्याद थप गर्ने कार्य बाहेक अन्य अध्यागमनसँग सम्बन्धित कार्य मन्त्रालय मातहतका निकाय वा अधिकारीबाट तोकिए बमोजिम सम्पादन गराउन सक्नेछ ।

२३. **<u>अध्यागमन कसूरः</u>** कुनै व्यक्तिले देहायका कुनै कार्य गरे वा गराएमा अध्यागमन सम्बन्धी कसूर गरेको मानिनेछः-

(क) विदेशको राहदानी वा नेपालको भिसाको विवरण आफूखुशी सच्याई वा परिवर्तन गरी नेपालमा प्रवेश गर्ने वा बस्ने वा नेपालबाट प्रस्थान गर्ने,

(ख) विदेशको नक्कली राहदानी वा नेपालको नक्कली भिसा प्रयोग गरी नेपालमा प्रवेश गर्ने वा बस्ने वा नेपाल बाट प्रस्थान गर्ने,

(ग) अर्काको राहदानी वा भिसा प्रयोग गरी नेपालमा प्रवेश गर्ने वा बस्ने वा नेपालबाट प्रस्थान गर्ने,

(घ) झुट्टा विवरण दिई वा झुक्याई नेपालको भिसा प्राप्त गर्ने वा अध्यागमन प्रक्रियामा त्यसको प्रयोग गर्ने,

(ङ) बिना भिसा नेपाल प्रवेश गर्ने वा नेपालबाट निष्काशन गरिएको अवधि पूरा नभई पुनः नेपाल प्रवेश गर्ने,

(च) अध्यागमन अधिकृत वा कर्मचारीलाई दुर्व्यवहार गर्ने, वा

(छ) भ्रमण अनुमति लिनुपर्ने व्यक्तिले भ्रमण अनुमति नलिई नियन्त्रित क्षेत्रमा प्रवेश गर्ने ।

२४. **<u>सजाय</u>** : (१) दफा २३ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लिखित कसूरमध्ये कुनै कसूर गरे वा गराएमा पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ।

(२) दफा २३ को खण्ड (च) र (छ) मा उल्लिखित कसूरमध्ये कुनै कसूर गरे वा गराएमा एक वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ।

(३) दफा २३ बमोजिमको कसूरको उद्योग गर्ने व्यक्ति वा त्यस्तो कसुरको मतियारलाई त्यस्तो कसूर गर्दा हुने सजायको आधा सजाय हुनेछ।

(४) कुनै विदेशी यात्रुवाहक वायुसेवा कम्पनीले नेपाल प्रवेश गर्न रोक लगाईएका वा अध्यागमन जाँच बिन्दुमा भिसा जारी नहुने विदेशीलाई नेपाल प्रवेश गराउने कार्य गरेमा त्यस्तो वायुसेवा कम्पनीलाई सम्बन्धित विमानस्थलको अध्यागमन कार्यालय प्रमुखको प्रतिवेदनको आधारमा महानिर्देशकले पहिलो पटक एकलाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सो कार्य पुनः गरेमा प्रत्येक पटक पटकै पिच्छे सोको दोब्बर जरिबाना गर्न सक्नेछ।

(५) कुनै व्यक्तिले उपदफा (१), (२), (३) र (४) बमोजिमको सजाय हुने बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कुनै कार्य गरे वा गराएमा त्यस्तो व्यक्तिलाई महानिर्देशकले एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

२५. **<u>मुद्दा हेर्ने अधिकारीः</u>** दफा २३ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लिखित कसूर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा सम्बन्धित जिल्ला अदालतले र खण्ड (च) र (छ) मा उल्लिखित कसूर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा महानिर्देशकले गर्नेछ।

२६. **<u>कसूरको अनुसन्धान तथा मुद्दाको दायरी</u>** : (१) दफा २३ बमोजिमको कसुरमा अनुसन्धान गर्न महानिर्देशकले तोकेको कुनै अध्यागमन अधिकृतले अनुसन्धान अधिकृतको रुपमा काम गर्नेछ।

(२) अनुसन्धान अधिकृतलाई कसूरको अनुसन्धान तथा तहकिकात गर्दा वा सबुद प्रमाण सङ्कलन गर्दा कसूरमा संलग्न व्यक्तिलाई पक्राउ गर्न, हिरासतमा राख्न, कसूरको सम्बन्धमा जुनसुकै स्थानको खानतलासी लिन, कसूरसँग सम्बन्धित कागजात वा अन्य माल वस्तु आफ्नो जिम्मामा लिन तथा मुचुल्का तयार गर्न समेत प्रचलित कानून बमोजिम नेपाल प्रहरीले पाए सरहको अधिकार प्राप्त हुनेछ।

(३) अनुसन्धान अधिकृतले कसूरको अनुसन्धान तथा तहकिकात गर्दा अभियुक्तलाई बयान गराई मनासिब आधार भएमा तारेखमा राख्न, धरौटी वा जमानत लिई छाड्न वा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई एकै पटक वा पटक पटक गरी बढीमा पच्चिस दिनसम्म अनुसन्धानका लागि थुनामा राख्न सक्नेछ।

(४) अनुसन्धान अधिकृतले यस ऐन बमोजिम कसुरको अनुसन्धान तथा तहकिकात गर्दा आवश्यक परेमा सरकारी वकिलको परामर्श लिन सक्नेछ।

(५) अनुसन्धान अधिकृतले यस ऐन बमोजिम अनुसन्धान सम्पन्न गरेपछि मुद्दा चलाउने वा नचलाउने निर्णयका लागि सम्बन्धित सरकारी वकील समक्ष अनुसन्धान प्रतिवेदन सहित सक्कल मिसिल र सो को एक प्रति नक्कल मिसिल सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको मिसिल उपर सम्बन्धित सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय भएकोमा सो निर्णय बमोजिम सम्बन्धित अनुसन्धान अधिकृतले मुद्दा हेर्ने अधिकारी समक्ष अभियोगपत्र दर्ता गरी दर्ता भएको अभियोगपत्रको प्रमाणित प्रतिलिपी समेत सरकारी वकीललाई उपलब्ध गराउनु पर्नेछ।

(७) यस ऐन बमोजिम जिल्ला अदालतबाट शुरु कारबाही र किनारा हुने मुद्दाको दायरी सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय मार्फत हुनेछ।

२७. **पुनरावेदन गर्न सक्नेः** (१) जिल्ला अदालतले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय थाहा पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) महानिर्देशकले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय थाहा पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

२८. **नेपाल सरकार वादी हुनेः** यस ऐन बमोजिमको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-२ मा परेको मानिनेछ।

२९. **परराष्ट्र मन्त्रालय मार्फत सम्पर्कः** (१) अध्यागमन सम्बन्धी विषयमा विभागले विदेशस्थित नेपाली नियोग तथा नेपालस्थित कुनै विदेशी नियोगसँग सम्पर्क गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विदेशस्थित नेपाली नियोगमा सम्पर्क गर्दा परराष्ट्र मन्त्रालय मार्फत सम्पर्क गर्नु पर्नेछ।

३०. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

३१. **असल नियतले गरेको कामको बचाउः** यो ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन।

३२. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** (१) यस ऐन बमोजिम मन्त्रालयलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार मन्त्रालयले महानिर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम महानिर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो मातहतका अधिकृत, अध्यागमन विषय हेर्ने नियोगका अधिकृत वा अन्य निकायका अधिकृत वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर महानिर्देशकले मुद्दा हेर्ने र जरिबाना गर्ने अधिकार प्रत्यायोजन गर्न सक्ने छैन।

३३. **नियम बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३४. **निर्देशिका वा कार्यविधि बनाउन सक्ने:** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी मन्त्रालयले निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

३५. **खारेजी र बचाउ:** (१) अध्यागमन ऐन, २०४९ खारेज गरिएको छ।

(२) अध्यागमन ऐन, २०४९ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।